बैठक संख्या : १७७

मिति : २०८२।०४।१४, बुधवार

समय : बिहानको ७:३० बजे

कमलामाई नगरपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेलको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र बाईबा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाईं | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिमिङ्ग | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायु | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री विनोद भट्टराई | सचिव (प्र.प्र.अ.) |

## बैठक संख्या : १७७

## मिति : २०८२/०४/१४ (बुधबार)

## समय : बिहानको ७:३० बजे

### प्रस्तावहरु

**प्रस्ताव नं. १:** नगर दर रेट स्वीकृत सम्बन्धमा।

**प्रस्ताव नं. २:** आ.व. २०८२/०८३ को बार्षक कार्यक्रम कार्यान्वयन कार्य तालिका स्वीकृत सम्बन्धमा।

**प्रस्ताव नं. ३:** वार्षिक समिक्षा सम्बन्धमा।

**प्रस्ताव नं. ४:** नदीजन्य पदार्थ – दहत्तर बहत्तर (ढुंगा, गिट्टी, बालुवा) ठेक्का सम्बन्धमा।

**प्रस्ताव नं. ५:** क्याण्टिन भाडा सम्बन्धमा।

**प्रस्ताव नं. ६:** म्याद थप सम्बन्धमा।

**प्रस्ताव नं. ७:** विविध।

१. शैक्षिक गुणस्तर सहयोग अनुदान प्रदान सम्बन्धमा
२. दोस्रो पटकको विज्ञापन सम्बन्धमा
३. समान तहमा आवेदन दिन नपाउने सम्बन्धमा
४. रकम निकासा सम्बन्धमा
५. निर्णय तथा कार्यसम्पादनको अनुमोदन सम्बन्धमा

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

कमलामाई नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
सिन्धुली, बागमती प्रदेश

**मिति २०८२ श्रावण १४ गते बसेको १७७ औं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु**

**प्रस्ताव नं. १:** **नगर दर रेट स्वीकृत सम्बन्धमा ।**

**निर्णयः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला भाडा तथा महसुलको स्थानीय न्युनतम दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनु पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेछ भनी उल्लेख भएकोमा कमलामाई नगरपालिका सदरमुकामको नगरपालिका समेत भएको हुँदा आ.व. २०८२/०८३ को लागि जिल्ला दररेट निर्धारण समिति, सिन्धुलीले जिल्लाको लागि जिल्ला दररेट निर्धारण गरेपछि सोलाई मध्यनजर गरी दररेट निर्धारण गर्ने मिति २०८२/०३/००९ को नगर कार्यपालिकाको बैठकको निर्णय नं. ११ बाट निर्णय भए अनुसार सिन्धुली जिल्लाको लागि आ.व. २०८२/०८३ को लागि जिल्ला दररेट निर्धारण भई सकेको हुँदा सो समेतलाई आधार मानी तयार भएको कमलामाई नगरपालिकाको कामदार तथा निर्माण सामाग्री सम्बन्धी दररेट "कमलामाई नगर दररेट, २०८२/०८३" स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २:** **आ.व. २०८२/०८३ को बार्षक कार्यक्रम कार्यान्वयन कार्य तालिका स्वीकृत सम्बन्धमा ।**

**निर्णयः** १६औं नगरसभाबाट स्वीकृत पूर्वाधार तर्फका योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि पूर्वाधार विकास शाखाबाट तयार भई पेश भएको "आ.व. २०८२/०८३ को बार्षक कार्यक्रम कार्यान्वयन कार्य तालिका" स्वीकृत गर्ने र वडागत अन्य कार्यक्रमहरु साथै शाखाबाट संचालन हुने कार्यक्रमहरु सम्बन्धित शाखा र वडासँग समन्वय गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

**प्रस्ताव नं. ३: वार्षिक समिक्षा सम्बन्धमा ।**

**निर्णयः** आ.व. २०८१/८२ को वार्षिक समिक्षा मिति २०८२ भाद्र पहिलो हप्ता भित्र गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४: नदीजन्य पदार्थ – दहत्तर बहत्तर (ढुंगा, गिट्टी, बालुवा) ठेक्का सम्बन्धमा ।**

**निर्णयः** आर्थिक वर्ष २०८२/८३ को लागि कमलामाई नगरपालिका क्षेत्र भित्रका प्रारम्भिक वातावरणीय परीक्षण (IEE) भई सोको प्रतिवेदन अनुसार खोला नदीहरुबाट नदीजन्य पदार्थ दहत्तर बहत्तर उत्खनन् तथा विक्री गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क मा भएको व्यवस्था तथा यस नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ अनुसार तपशिलमा उल्लेखित नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी बाग्मती प्रदेश सरकारको आर्थिक ऐनले तोकेको दरमा ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

तपसिल

| क्र. सं. | आय ठेक्का नं. | ठेक्काको नाम | उत्खनन् गर्न पाउन परिमाण (घ.मि.) | न्यूनतम् बोलपत्र रकम (सेवा शुल्क र मु.अ. कर बाहेक) | बोलपत्र फारम दस्तुर | धरौटी/बिड वण्ड | बोलपत्र खरिद गर्ने अन्तिम दिन | बोलपत्र दर्ता गर्ने अन्तिम दिन |
|---|---|---|---|---|---|---|---|---|
| १. | १/२०८२/८३ | कमलाखोला कर्करे-सिस्नेरी खण्ड (IEE ले तोकेको क्षेत्र) | १६८६० | ४१,६३,७४५।६० | ३,०००।- | कबोल अंकको ५% | सूचनाको ३० औं दिन कार्यालय समय भित्र PPMO को e-bidding system अनुसार | सूचनाको ३१ औं दिन दिनको १२ बजे भित्र PPMO को e-bidding system अनुसार |
| २. | २/२०८२/८३ | कमला-भिमान खोला दोभान खण्ड (IEE ले तोकेको क्षेत्र) | २५३० | ६,२४,८०८।८० | १,०००।- | कबोल अंकको ५% | सूचनाको ३० औं दिन कार्यालय समय भित्र PPMO को e-bidding system अनुसार | सूचनाको ३१ औं दिन दिनको १२ बजे भित्र PPMO को e-bidding system अनुसार |

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

CamScanner

| क्र.सं. | आय ठेक्का नं. | ठेक्काको नाम | उत्खनन् गर्न पाउन परिमाण (घ.मि.) | न्यूनतम् बोलपत्र रकम (सेवा शुल्क र मु.अ. कर बाहेक) | बोलपत्र फारम दस्तुर | धरौटी/बिड वण्ड | बोलपत्र खरिद गर्ने अन्तिम दिन | बोलपत्र दर्ता गर्ने अन्तिम दिन |
|---|---|---|---|---|---|---|---|---|
| ३. | ३/२०८२/८३ | कमलाखोला चन्दनपुर क खिरखिरे कमला दोभान माथिल्लो खण्ड (IEE ले तोकेको क्षेत्र) | २२३०० | ५५,०७,२०८।०० | ३,०००।- | कबोल अंकको ५% | सूचनाको ३० औ दिन कार्यालय समय भित्र PPMO को e-bidding system अनुसार | सूचनाको ३१ औं दिन दिनको १२ बजे भित्र PPMO को e-bidding system अनुसार |
| ४. | ४/२०८२/८३ | कमलाखोला चन्दनपुर ख खिरखिरे कमला दोभान तल्लो खण्ड (IEE ले तोकेको क्षेत्र) | ३६४५० | ९०,०१,६९२।०० | ३,०००।- | कबोल अंकको ५% | सूचनाको ३० औ दिन कार्यालय समय भित्र PPMO को e-bidding system अनुसार | सूचनाको ३१ औं दिन दिनको १२ बजे भित्र PPMO को e-bidding system अनुसार |
| ५. | ५/२०८२/८३ | बुका खोला र गडौली खोला खण्ड (IEE ले तोकेको क्षेत्र) | १९०८ | ४,७०,४५८।८० | १,०००।- | कबोल अंकको ५% | सूचनाको ३० औ दिन कार्यालय समय भित्र PPMO को e-bidding system अनुसार | सूचनाको ३१ औं दिन दिनको १२ बजे भित्र PPMO को e-bidding system अनुसार |
| ६. | ६/२०८२/८३ | ग्वाँङ्ग खोला फाल्पुरी कारागार खण्ड (IEE ले तोकेको क्षेत्र) | ४४१० | १०,८९,०९३।६० | १,०००।- | कबोल अंकको ५% | सूचनाको ३० औ दिन कार्यालय समय भित्र PPMO को e-bidding system अनुसार | सूचनाको ३१ औं दिन दिनको १२ बजे भित्र PPMO को e-bidding system अनुसार |
| ७. | ७/२०८२/८३ | मरिण खोला ढुंगेडाँडा (खारखोला) (IEE ले तोकेको क्षेत्र) | १२९५० | ३१,९८,१३२।०० | ३,०००।- | कबोल अंकको ५% | सूचनाको ३० औ दिन कार्यालय समय भित्र PPMO को e-bidding system अनुसार | सूचनाको ३१ औं दिन दिनको १२ बजे भित्र PPMO को e-bidding system अनुसार |
| ८. | ८/२०८२/८३ | धमिले खोला खहरे तथा जिर्घा खोला खण्ड (IEE ले तोकेको क्षेत्र) | ५२३५ | १२,९२,८३५।६० | १,०००।- | कबोल अंकको ५% | सूचनाको ३० औ दिन कार्यालय समय भित्र PPMO को e-bidding system अनुसार | सूचनाको ३१ औं दिन दिनको १२ बजे भित्र PPMO को e-bidding system अनुसार |

विनोद भट्टराई
प्रशासकीय अधिकृत

कुमार पोखरेल
नगर प्रमुख

CamScanner

| क्र.सं. | आय ठेक्का नं. | ठेक्काको नाम | उत्खनन् गर्न पाउन परिमाण (घ.मि.) | न्यूनतम् बोलपत्र रकम (सेवा शुल्क र मु.अ. कर बाहेक) | बोलपत्र फारम दस्तुर | धरौटी/बिड वण्ड | बोलपत्र खरिद गर्ने अन्तिम दिन | बोलपत्र दर्ता गर्ने अन्तिम दिन |
|---|---|---|---|---|---|---|---|---|
| ९. | ९/२०८२/८३ | मरिण खोला-धनमना मरिण दोभान हात्तीगौंडा (IEE ले तोकेको क्षेत्र) | ११२१२ | २७,६८,९१५।५२ | ३,०००।- | कबोल अंकको ५% | सूचनाको ३० औं दिन कार्यालय समय भित्र PPMO को e-bidding system अनुसार | सूचनाको ३१ औं दिन दिनको १२ बजे भित्र PPMO को e-bidding system अनुसार |

**प्रस्ताव नं. ५: चमेनागृह भाडा सम्बन्धमा ।**

**निर्णयः** कमलामाई नगरपालिका परिसर भित्र चमेनागृह संचालनको लागि प्रति महिना मासिक न्यूनतम् अंक रु. १०,०००।– (दस हजार) कायम गरी चमेनागृह प्रक्रिया कार्यान्वयनका लागि कार्यालयलाई निर्देशन दिने र **चमेनागृह संचालन सम्बन्धी कार्यविधि, २०८२** स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६: म्याद थप सम्बन्धमा ।**

**निर्णयः** १६औं नगरसभाको दोश्रो बैठकबाट संगठन तथा व्यवस्थापन सम्बन्धी सुझाव पेश गर्न गठित समितिको सुझाव प्रतिवेदनको लागि २०८२ श्रावण मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

## विविध

**१ शैक्षिक गुणस्तर सहयोग अनुदान प्रदान सम्बन्धमा ।**

**निर्णयः** कमलामाई नगरपालिकाको नगर सभाको १६ औं अधिवेशनबाट चालु आ.व. २०८२/०८३ को लागि शिक्षातर्फको विज्ञान, गणित लगायत विभिन्न विषय शिक्षक नभएका नि.मा.वि./मा.वि. विद्यालयहरुमा शिक्षक व्यवस्थापनका लागि शैक्षिक गुणस्तर सहयोग अनुदान शीर्षकमा रु.२५,२७,०००।– बजेट विनियोजन गरेको हुदाँ आवश्यकता र औचित्यको आधारमा विज्ञान, गणित विषय शिक्षक व्यवस्थापन गर्न तपसिलका विद्यालयहरुलाई तपसिल बमोजिम अनुदान रकम उपलब्ध गराउने एवं सोही अनुसार कार्यान्वयनका लागि शिक्षा, यूवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो।

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

तपसिल

| क्र.सं. | विद्यालयको नाम | उपलब्ध गराउने अनुदान रकम | कैफियत |
|---|---|---|---|
| १. | श्री आ.वि. थाक्लेडाँडा | रु. ३,२४,०००।- | |
| २. | श्री आ.वि. बाँसकटेरी | रु. ३,२४,०००।- | |
| ३. | श्री चन्द्रादेवी आ.वि. सिरुडाँडा | रु. ३,२४,०००।- | |
| ४. | श्री बम्बेश्वर आ.वि. बुक्तिखट्टार | रु. ३,२४,०००।- | |
| ५. | श्री सरस्वती आ.वि. रिङ्गाबोटे | रु. ३,२४,०००।- | |
| ६. | श्री सिद्धकाली आ.वि. केवरे | रु. ३,२४,०००।- | |
| ७. | श्री ज्ञानज्योति आ.वि. काँउछे | रु. ३,२४,०००।- | |

## २ दोस्रो पटकको विज्ञापन सम्बन्धमा।

**निर्णयः** विद्यालय तथा नगरपालिकाबाट करारमा शिक्षक पदपूर्तिको लागि विज्ञापन हुदाँ विषेश गरी विज्ञान, गणित, अंग्रेजी, लेखा र कम्प्यूटर विषयमा स्थायी अध्यापन अनुमति पत्रको अभावमा निवेदन नपरी समयमा शिक्षक व्यवस्थापन गर्न समस्या भइ विद्यालयको पठन पाठनमा क्षति पुग्न गएको हुदाँ पहिलो पटक विज्ञापन गर्दा निवेदन नपरेको खण्डमा उक्त समस्यालाई समाधान गर्न (संघीय करार दरबन्दी/ राहत दरबन्दी) बाहेकको हकमा २०८३ असार मसान्त सम्मको लागि उल्लिखित विषयमा न्यूनतम योग्यता पुगेका तर स्थायी अध्यापन अनुमति पत्र नभएका आवेदकहरुबाट समेत निवेदन लिइ करारमा शिक्षक नियुक्ति प्रक्रिया अगाडि बढाउने व्यवस्थाको लागि शिक्षा, यूवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो।

## ३ समान तहमा आवेदन दिन नपाउने सम्बन्धमा।

**निर्णयः** नगरपालिका अन्तर्गत सञ्चालित विभिन्न विद्यालयहरुबाट सेवा करारमा शिक्षक कर्मचारी विज्ञापन हुदाँ यस नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुमा सोही तह र सोही प्रकृतिका समान दरबन्दीमा कार्यरत शिक्षक कर्मचारीहरुलाई उपरोक्त पदहरुमा दरखास्त नलिने व्यवस्थाको लागि शिक्षा युवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो।

## ४ रकम निकासा सम्बन्धमा।

**निर्णयः** यस नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुमा कार्यरतमध्ये केही शिक्षक तथा कर्मचारीहरु विविध कारण काजमा रहेको अवस्था छ। आ.व. २०८२/०८३ को प्रथम

चौमासिक निकासा शिक्षा तथा कर्मचारी कार्यरत विद्यालयको खातामा नै दिने व्यवस्थाको लागि शिक्षा युवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो।

**५ निर्णय तथा कार्य सम्पादनको अनुमोदन सम्बन्धमा ।**

**निर्णयः** कमलामाई शिक्षा युवा तथा खेलकुद शाखा द्वारा शैक्षिक सत्र २०८० देखि हाल सम्म सम्पादन गरिएका शैक्षिक तथा प्रशासनिक निर्णय एंव कार्यहरुलाई अनुमोदन गर्ने निर्णय गरियो।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत